पोखरा विश्वविद्यालय
व्यवस्थापन संकाय
डीनको कार्यालय
पोखरा लेखनाथ, कास्की

चलानी नं.:

मिति : २०७७/०६/१३

# PUMAT ( Pokhara University Management Admission Test) को योग्यताक्रम सूचि ( Merit List ) प्रकाशित गरिएको सूचना !

मिति २०७७/०६/०२ मा सम्पन्न व्यवस्थापन संकाय अन्तरगतका Master of Business Admistration ( MBA), MBA- Evening Program( MBA-EP), MBA Finane/MBA Global Business / EMBA कार्यक्रमका लागि सञ्चालित पूर्ण शुल्किय ( Fee Paying) तर्फको उम्मेदवारहरुको योग्यताक्रमको सूचि ( Merit List ) यो सूचना सँगै संलग्न राखी सम्वन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**यस सम्वन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ ।**

क) यदी कसैलाई प्रकाशित नतिजा उपर चित्त नबुझेमा वा अस्पष्ट लागेमा सो सम्वन्धमा यही मिति २०७७/०६/१५ गते बिहीवार कार्यालय समयभित्र प्रमाण सहित डीन कार्यालयमा निवेदन दिन वा fmsadmin@pu.edu.np मा पठाउन सकिनेछ ।

ख) प्रकाशित मेरिट लिष्टमा समावेश भएका विद्यार्थीहरुले मिति २०७७/०६/१८ गते सम्ममा आफूले अध्ययन गर्न चाहेको स्कूल /कलेजमा भर्ना हुन पाउँ भनी लिखित परीक्षाको प्रवेशपत्रको प्रतिलिपि संलग्न गरि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ( निवेदनको ढाँचा यसै सूचना साथ संलग्न छ )। कुनै विद्यार्थीले यदी आफूले PUMAT का लागि निवेदन दिएको कलेज बाहेक अन्य कलेजमा भर्नाका लागि निवेदन दिने भएमा आवश्यक कागजातहरु पुन: पेश गर्नु पर्नेछ । यसरी एक जना विद्यार्थीले एक भन्दा वढी कलेजमा पनि भर्नाका लागि निवेदन दिन सक्नेछन् । यस प्रकार निवेदन दिँदा कुनै शुल्क लिइने छैन ।

ग) अर्न्तवार्ताको फाराम भर्ने मिति समाप्त भएपछि तोकिएको अवधिमा अर्न्तवार्ता शुरु हुनेछ । अर्न्तवार्ताको लागि मिति २०७७/०६/१९ गते देखि २०७७/०६/२२ गते सम्मको अवधि निर्धारण गरिएको छ । आफ्नो कलेजमा हुने अर्न्तवार्ताको मिति र समय सम्वन्धित कलेजहरुले नै विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ । अन्तर्वार्ता नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाई प्रत्यक्ष वा अनलाइन माध्यमबाट पनि लिन सकिनेछ ।

घ) अर्न्तवार्ता सम्पन्न भएपछि सबै कलेजहरुवाट मिति २०७७/०६/२२ मा अन्तिम मेरिट लिष्ट प्रकाशन गरिने छ । कलेजमा उपलब्ध भएको सिट संख्याका आधारमा विद्यार्थी भर्नाका लागि पहिलो सूचि ( First List for Admission ) र प्रतिक्षासूचि (Waiting List) प्रकाशित गरी First List का उम्मेदवारहरुलाई मिति २०७७/०६/२८ गते बेलुकी ५ वजे सम्ममा भर्ना हुने गरी प्रत्येक स्कुल कलेजले विद्यार्थी भर्नाका लागि सूचित गनुपर्ने छ ।

चलानी नं.:

ङ) तोकिएको अवधिमा पहिलो लिष्टवाट भर्ना पुरा नभई सिट खाली रहेमा प्रतिक्षा सूचि (Waiting List ) मा रहेका उम्मेदवारहरु मध्येवाट योग्यताक्रम अनुसार बाँकी सिटमा कलेजहरुले भर्ना गर्नेछन् । यो प्रक्रिया ७ दिन भित्रमा पूरा गरी भर्ना भएका विद्यार्थीहरुको विवरण डीन कार्यालयमा बुझाउनु पर्नेछ ।

च) यस प्रकार Waiting List मा रहेका सबै विद्यार्थीहरुलाई भर्नाको आह्वान गरिसकेपछि पनि कुनै कलेजमा सिट खाली हुने र अन्य कलेजमा विद्यार्थीले भर्ना हुन नपाएको अवस्था रहेमा त्यस्ता सिटखाली भएका कलेजमा PUMAT पास गरेका विद्यार्थीहरुलाई भर्नाका लागि कलेजहरुले सूचना प्रकाशन गर्नेछन् । यस्तो अवस्थामा भर्नाका लागि निवेदन गर्ने विद्यार्थीको सम्वन्धित कलेजवाट आवश्यक सबै कागजात माग गरी पुनः अर्न्तवार्ता लिइनेछ ।

छ) सवै सेमेष्टरका ग्रेडसिटहरु समावेश नगरेका केही विद्यार्थीहरुको स्नातकतहको सिजिपिए उपलब्ध हुन नसकेको लगायत अन्य कारणले गर्दा नतिजा withheld गरिएको छ । उक्त विद्यार्थीहरुले आफुले आवेदन दिएको कलेज मार्फत् नपुग कागजात/विवरणहरु डीन कार्यालयमा बुझाउनु पर्नेछ र डीन कार्यालयबाट आवश्यक अनुमति प्राप्त गरेपछि मात्रै सम्बन्धित स्कूल कलेजद्धारा ती विद्यार्थीहरुको भर्ना सम्बन्धि बाँकी प्रकृया अगाडी बढाउन
सकिनेछ ।

ज) यो (August 2020) सेसनमा भर्ना हुने विद्यार्थीहरुले अगस्त २०२० अगावै स्नातक तहको शैक्षिक कार्यक्रम पूरा गरेको (Completion of the Bachelors degree) हुनुपर्नेछ ।

झ) यस सूचनामा उल्लेख भए अनुसारका मिति तथा अवधिका सम्वन्धमा आवश्यकता अनुसार केन्द्रिय प्रवेश परीक्षा समितिले थपघट गर्न सक्नेछ ।

.............................

डा. उमेश सिँह यादव

संयोजक

स्नातकोत्तर तह केन्द्रिकृत प्रवेश परीक्षा समिति, २०७७